# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# गौर प्राविधिक शिक्षालय
## गौर ,रौतहट

पत्रसंख्या -:
च .नं -: .

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
गौर बहुप्राविधिक शिक्षालय, गौर,रौतहट
सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना
(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/३/२५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आंगिक शिक्षालयको रुपमा स्थापित यस गौर बहुप्राविधिक शिक्षालयमा सुरक्षा सेवा आपूर्ति गर्ने कार्य ठेक्कामा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सेवा प्रदायक संस्था/कम्पनी/फर्मबाट निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको सिलबन्दी दरभाउपत्र फाराम दाखिला गर्न आह्वान गरिन्छ ।

शर्तहरू:

१. सिलबन्दी दरभाउपत्र फाराम प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् गौर बहुप्राविधिक शिक्षालय, गौर ,रौतहटको नाममा रहेको राष्ट्रिय बाणिज्य बैक लिमिटेड,गौर शाखाको खाता नं. 1210100008874001 मा (पछि फिर्ता नहुने गरी) रू. १,०००।०० जम्मा गरेको सक्कल बैंक भौचर पेस गरी खरिद गर्न सकिनेछ । सिलबन्दी दरभाउपत्र सुचना प्रकाशित भएको मितिले २०८३/३/३२ दिन (सो दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो १२:०० बजे सम्ममा दर्ता गर्नुपर्नेछ। रीतपूर्वक दर्ता भएका सिलबन्दी दरभाउपत्रहरू सोही दिन १४:०० बजे सम्बन्धित सिलबन्दी दरभाउपत्रदाताहरूको रोहबरमा यस कार्यालयमा (सिलबन्दी दरभाउपत्रदाता उपस्थित नभए पनि) खोलिनेछ।

२. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न फर्म/संस्था/कम्पनीको दर्ता नवीकरण इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता वा कर दाखिला वा कर दाखिला म्याद थपको प्रमाणित प्रतिलिपि संलग्न गरी निवेदन पेस गर्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र फाराम साथ सिलबन्दी दरभाउपत्र जमानत (बिडबन्ड) वापत रू. ३००००/- (अक्षेरुपि तीस हजार रूपैयाँ मात्र) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् गौर बहुप्राविधिक शिक्षालय,गौर ,रौतहटको नाममा रहेको राष्ट्रिय बाणिज्य बैक लिमिटेड,गौर शाखाको खाता नं. 1210100008874001 मा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा सो बराबरको नेपाल स्थित 'क' श्रेणीको बणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक जमानीपत्र अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव दर्ता गराउन चाहने प्रस्तावदाताले सिलबन्दी दरभाउपत्रको जमानत (बिडबन्ड) समेत संयुक्त उपक्रमकै नाममा अनिवार्य रुपमा पेस गर्नु पर्नेछ ।

४. सिलबन्दी दरभाउपत्रदाताले कबोल गरेको दररेट तथा कुल रकम अंक र अक्षरमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्दा यस कार्यालयको नाम, सिलबन्दी दरभाउपत्र नं. र कार्यको नाम स्पष्ट रुपमा लेख्नुपर्नेछ। सिलबन्दी दरभाउपत्रमा सिलबन्दी दरभाउपत्रदाताको नाम, ठेगाना, दस्तखत र छाप अनिवार्य रुपमा हुनुपर्नेछ ।

६. हुलाक, कुरियर, इ-मेल वा फ्याक्सबाट प्राप्त सिलबन्दी दरभाउपत्र फारामलाई मान्यता दिइने छैन । म्याद नाघेको वा रीत नपुगेको वा एउटाको नामबाट खरिद भई अर्काको नाममा दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र फारामलाई मान्यता दिइने छैन ।

७. सिलबन्दी दरभाउपत्र फाराम आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

८. प्रस्तावकले सिलबन्दी दरभाउपत्र गौर बहुप्राविधिक शिक्षालयबाट खरिद तथा दर्ता गर्नुपर्नेछ ।

९. अन्य शर्तहरू सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । सूचना र सिलबन्दी दरभाउपत्रमा उल्लेख नभएका कुराहरूको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् आर्थिक प्रशासन सम्बन्धी विनियमावली २०६२ (संशोधन समेत), सिटिईभिटी सेवा करार निर्देशिका २०७४, श्रम ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३ (स.स) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समय भित्र यस शिक्षालयको फोन ९८५५०४२१८२, मा सम्पर्क राखी बुझ्न सकिनेछ ।